# बारबर्दिया कृषि मौसम सल्लाह बुलेटिन

## Barbardiya Agro-met Advisory Bulletin (BAAB)

कृषि बिकास शाखा र पशु सेवा शाखा, बारबर्दिया नगरपालिकाले ली-बर्ड संगको प्राविधिक सहकार्यमा जारी

| वर्षः २ अंकः ४७ | अवधिः २०८२ फागुन २२ देखि फागुन २८ सम्म | मितिः २०८२/११/२२ |
|---|---|---|

## लुम्बिनी प्रदेशको आगामी हप्ता (फागुन २२ देखि फागुन २८) को मौसमी परिदृश्यः

| | बर्षा/ हिमपात | अधिकतम तापक्रम | न्युनतम तापक्रम | बदली हुने अवस्था (घाम, आंशिक, सामान्य, अधिकांश र पूर्ण) | महत्वपूर्ण मौसम (मेघ गर्जन, असिना, कुहिरो) | कैफियत (मौसम प्रणाली) |
|---|---|---|---|---|---|---|
| तराई | हल्का/मध्यम बर्षा | हल्का बढ्ने | हल्का बढ्ने | साताको शुरुमा मुख्यतया सफा,मध्य र अन्त्यमा आंशिक बादल | मेघ गर्जन/चट्याङ्ग | साताको अन्त्यमा एक दुई स्थानमा मेघगर्जन/चट्याङ्ग सहित हल्का बर्षाको सम्भावना |
| नोटः साताको शुरुले शुक्रबार र शनिबार, साताको मध्यले आइतबार, सोमबार र मंगलबार तथा साताको अन्त्यले बुधबार र बिहिबारलाई जनाउछ । मौसम पूर्वानुमान सम्बन्धि बिस्तृत जानकारीको लागि हरेक दिन बिहान ६ बजे र बेलुका ६ बजे अध्यावधिक हुने महाशाखाको वेबसाइट http://www.dhm.gov.np/mfd हेर्नुहोस। | | | | | | |
| (स्रोतः मौसम पूर्वानुमान महाशाखा, जल तथा मौसम विज्ञान विभाग) | | | | | | |

## आगामी साताको मौसमी सारांशः

- तराई भू-भागः देशका पूर्वी तराई भू-भागमा साताको सुरुमा र पश्चिमी तराई भू-भागमा साताभर बिहानपख हुस्सु रहनेछ।लुम्बिनी प्रदेशमा साताको अन्त्यमा एक दुई स्थानमा मेघगर्जन/चट्याङ्ग सहित हल्का बर्षाको सम्भावना छ।
- यो साता देशका सबै भू-भागमा अधिकतम र न्यूनतम तापक्रम बढ्ने सम्भावना छ।
- औसतसँग तुलना गर्दाः सबै प्रदेशमा अधिकतम तापक्रम र न्यूनतम तापक्रम औसत भन्दा बढी रहने सम्भावना छ।

## कृषि सारांश :

- हिउदे मकैमा अमेरिकी फौजी कीरा (*Spodoptera frugiperda*) को र गबारो (*Chilo partellus*) को संक्रमण देखिने सम्भावना भएकाले कृषि प्राविधिकको सल्लाह अनुसारको व्यवस्थापन विधि अपनाउनुहोस्।
- नगरपालिकाको क्षेत्रभित्र पालिएको पशुबस्तुमा मोहोला/मुआलो रोग देखिएको हुँदा आवश्यक सतर्कता अपनाउनुहोस्।

- हालका दिनमा नगरपालिका क्षेत्र भित्र रहेका गौशाला र कृषकहरुको घरका गाई गोरुहरुमा पनि फाट्टफुट्ट रुपमा लम्पी स्किन रोग देखिएको र अन्य क्षेत्रमा समेत फैलन सक्ने हुँदा आवश्यक सतर्कता अपनाउनुहोस् ।
- पशुपन्छीहरुको गोबर परिक्षण गरि जुका बिरुद्धको औषधि खुवाउनुहोस् ।
- प्राकृतिक तथा कृत्रिम गर्भाधान गरेको गाईभैंसीहरुलाई ३ महिना पछि गर्भ परिक्षण गरि गर्भ रहे नरहेको निश्चित गर्न पशु सेवा शाखा तथा निजि पशु स्वस्थय कार्यकर्तासंग सम्पर्क गर्नुहोस् ।

## कृषि सल्लाहः

### खाद्यान्नबाली

- गहुँबालीमा लाही कीरा लागेमा शिकारी (मित्र) कीराको अनुपात हेरी फ्लोनिकामिड ५० डब्लु.जी., ०.५ ग्राम प्रतिलिटर पानीको दरले अथवा निटेनपाइराम १०% एस.एल., ०.५ एमएल प्रतिलिटर पानीमा घोलेर मौसमको अवस्था हेरी सात दिनको फरकमा २-३ पटक दिउँसो ३ बजेपछि छर्नुहोस्।

- गहुँबालीमा पहेँलो सिन्दुरे रोग देशैभर तथा खैरो सिन्दुरे रोग तराईका जिल्लाहरूमा देखा परेकोले रोग व्यवस्थापनको लागि प्रोपिकोनाजोल १ एमएल वा ट्याबुकोनाजोल ५०% र ट्राइफ्लोक्सिस्ट्रोबिन २५% मिश्रित ढुसीनाशक विषादी ०.५ ग्राम प्रतिलिटर पानीको दरले १०-१२ दिनको फरकमा मौसमको अवस्था हेरी आवश्यकता अनुसार २-३ पटकसम्म पातहरू भिज्नेगरी छर्कनुहोस्।



गहुँमा पहेलो सिन्दुरे



चित्र: गहुँको पातमा खैरो सिन्दुरे रोग

- बसन्ते मकैका उपयुक्त जातहरु अरुण १, अरुण २, अरुण ३, अरुण ६, रामपुर हाईब्रिड १० र रामपुर हाईब्रिड १२ तथा आयतित हाईब्रिड जातहरु टि एक्स ३६९, राजकुमार मध्ये भरपर्दो श्रोतबाट उपलब्ध भएको जातहरुको बीउ व्यवस्था गर्नुहोस्।
- चनाबालीमा कोशे गबारो कीराको लागि अनुकुल समय भएकोले हेली ल्यूरयुक्त मोहनी पासो प्रति ५ कठ्ठा २ वटाका दरले राखी नियमित अनुगमन गर्नुहोस्।

- गहुँको कालो पोके रोग (Loose Smut) को लक्षण बाला पसाउने बेलामा वा बाला पसाई सकेपछि मात्रै देखापर्दछ। सङ्क्रमित गहुँको बिरुवा सामान्य बिरुवाको भन्दा अग्लो हुन्छ। सङ्क्रमित गहुँको बिरुवामा सामान्य बिरुवाहरुको भन्दा २-३ दिन पहिला नै बाला पसाँउछ। सङ्क्रमित बिरुवाको बालाको सम्पूर्ण दानाहरु ढुसीको कालो टेलीयोस्पोरले भरिएको हुन्छ र बाला कालो देखिन्छ। केही समयपछि हावाहुरीले कालो टेलीयोस्पोरहरुलाई उडाएर लैजान्छ र बोटमा बालाको डाँठ मात्रै देखिन्छ।

  व्यवस्थापन
  - रोग प्रतिरोधक गहुँको जात लगाउने।
  - प्रमाणित बिउको प्रयोग गर्ने।

गहुँको कालो पोके रोग (Loose smut)



- पुरानो बिउको प्रयोग गर्दा भाईटाभेक्स ७५% WP २ ग्राम प्रति किलो बिउमा मिसाई उपचार गर्ने।
- बाला पसाउने अवस्थामा गहुँ खेतको अनुगमन गरी सङ्क्रमित बिरुवालाई उखल्ने र सङ्कलन गरी नस्ट गर्ने।

➢ हिउदे मकैमा गबारो (*Chilo partellus*) को संक्रमण देखिने सम्भावना भएकाले



- मकै संग कोसेबालीहरू अन्तरबालीको रूपमा लगाउँदा यो कीराको क्षति कम गर्न सकिन्छ। गबारो किराको क्षतिको लक्षण (पातमा सानो सानो छिद्रहरु देखिने वा गुबो खाएको) देखा परेमा गबारो लागेका बोटहरू उखेलेर नष्ट गर्नुहोस्।
- परजीवी बारुला ट्राइकोग्रामा प्रति कठ्ठा ३५०० वटाको दरले छोड्नुहोस्।
- व्यासिलस थुरिन्जएन्सिस २ ग्राम १ लिटर पानीका दरले छर्नुहोस्।
- डाइमेथोएट ४५% इ.सि. १.५ मि.लि. प्रति लिटर पानीमा मिसाएर पात तथा गुवामा छार्नुहोस वा डेल्ट्रामेथ्रिन २५ प्रतिशत इ.सि. १.५ मि.लि. एक लिटर पानीको दरले वा स्पीनोस्याड ४५ प्रतिशत इ.सि ०.५ मि.लि एक लिटर पानीमा मिसाएर पहिलो दुई पातको अवस्थामा (उम्रेको १५ दिनपछि एक पटक) र दोस्रो चमर निस्कनुभन्दा अगाडिको अवस्थामा एक पटक स्प्रे गर्नुहोस्।
- मकै भाँचिसकेपछि बाँकी ठुटा, ढोड, पातहरू जम्मा गरी जलाउने वा नष्ट गर्नुहोस्।

➢ हिउदे मकैमा अमेरिकी फौजी कीरा (*Spodoptera frugiperda*) को संक्रमण देखिने सम्भावना भएकाले



- कीराको संख्या तथा क्षतिको आँकलन गर्न वयस्कको लागि बत्ति र फेरोमन पासो तथा लार्भाको लागि खाल्डे पासोको प्रयोग गरीको नियमित अनुगमन गर्नुहोस्।

- मकैको पातमा सेता लाम्चा झिल्ली सहितका प्वाल (Papery window) जस्ता लक्षण देखा परेमा निमजन्य बिषादी एजाडिराक्टिन १५०० पिपिएम ५ मि.लि. प्रति लिटर पानीमा मिसाई छर्कनुहोस्।
- मकैको पात तथा गुभोमा क्षतिको लक्षण देखापरेमा ईमामेक्टिन बेन्जोएट (५% एस.जी.) ०.४ ग्राम वा क्लोरान्ट्रानिलिप्रोल (१८.५% एस.सी.) ०.४ मि.लि वा स्पिनोस्याड (४५% एस.सी.) ०.३ मि.लि. प्रति लिटर पानीमा मिसाई गुभो तथा पातमा पर्ने गरी छर्कनुहोस्। बिषादीयुक्त घोल प्रति कठ्ठा १६ लिटरका दरले छर्कनुहोस्।
- एउटै बिषादी निरन्तर प्रयोग गर्दा किराले बिषादी पचाउने क्षमता विकास गर्न सक्ने भएकाले आलोपालो गरि प्रयोग गर्नुहोस, साथै घोगा लागिसकेको अवस्थामा विषादीको प्रयोग नगर्नुहोस्।

## फलफुल बाली

- अहिलेको समयमा फूल फुल्ने फलफूलहरु जस्तै; कागती, लिची र आँप लगायतका बालीहरुमा मौरी तथा अन्य कीराहरुले परागसेचन गर्ने भएकाले यिनीहको आवत-जावतलाई प्रोत्साहन गर्न सकेसम्म रसायनिक बिषादी नछर्कनुहोस्। छर्कनै पर्ने भए प्राविधिकको सल्लाह अनुसार गर्नुहोस्।
- केराको फलमा कोत्रे कीराले फलको गुणस्तर घटाउने हुनाले यसबाट प्रभावित बगैंचामा बुङ्गोलाई बोरा अथवा प्लाष्टिकले बेर्ने वा एक भाग गाईको गहुँतमा पाँच भाग पानी मिसाएर वा नीम जन्य बिषादी ५ एम. एल . प्रति लिटर पानीमा मिसाई फल लागेको ठाउँमा छर्कनुहोस्।
- यसै बर्षामा रोपेको फलफुल बालीका बेर्नाहरुलाई नियमित अनुगमन गर्नुहोस, कलमी गरेको भागभन्दा तल पलाएका मुनाहरु (चोर हाँगाहरु) हटाउनुहोस् । आवश्यकता अनुसार सिंचाई गर्नुहोस् ।



- सबै किसिमका फलफुल बालीमा मलखाद राख्ने समय भएकोले उपयुक्त चिस्यान कायम गरी सिफारिस गरिएको मात्रामा मलखादको प्रयोग गर्नुहोस् ।
- केराको गबारो (Rhizome weevil) कीरा व्यवस्थापनका लागि केरा काटिसकेपछि थामलाई हटाउनुहोस् र बगैचालाई सरसफाई गर्नुहोस्। कीरालाई पासोमा आकर्षित गरी नष्ट गर्नुहोस्।
- ब्याक्टरियाको कारण केराका बोट ओइलाउन लागेमा कासुगामाइसिन ३% SL २ एम एल प्रति लि पानीमा घोलेर १५ दिनको फरकमा २-३ पटक जरा भिजाउनुहोस्।

## तरकारी बाली

- बिभिन्न बालीहरुमा सेतो झिंगाले आर्थिक नोक्सानी गर्नुको साथै भाइरस रोगहरु पनि सार्ने हुँदा जैविक विषादी, भर्टिसिलियम लेकानी ५ एम.एल. प्रति लिटर पानीमा मिसाई छर्कनुहोस् । प्रकोप ज्यादा भएर रासायनिक विषादी प्रयोग गर्नुपरेमा निटेन पाईराम १०% एस.एल, १ एम.एल. प्रति ३ लिटर पानीमा घोलेर पातको पछाडिको भाग भिज्नेगरि स्प्रे गर्नुहोस्।

➢ बेमौसमी लहरे तरकारी बाली (काक्रा,लौका,फर्सी तथा करेला समूह) तयारी बेर्ना तपसिलमा उल्लेखित बमोजिमको दुरीमा खाडल खनेर मलखाद हाली लगाउनुहोस्। बेर्ना तयार नभएको खण्डमा देहाय बमोजिमका बालीका बीउ खाडलमा रोप्नुहोस्।

| क्र.सं. | बाली | लाईन-लाईनको दूरी (मिटर) | बोट -बोटको दूरी (मिटर) | गोबर मल (प्रति १.५ कठ्ठा) | यूरिया मल (प्रति १.५ कठ्ठा) | डी.ए.पी. मल (प्रति १.५ कठ्ठा) | म्यूरेट अफ पोटास मल (प्रति १.५ कठ्ठा) |
|---|---|---|---|---|---|---|---|
| १ | काक्रा (खुला सेचित) | १.२ | १ | १.५ टन | १३ के.जी. | ७ के.जी. | ८ के.जी. |
| २ | काक्रा (हाईब्रिड) | १ | ०.८ | १.५ टन | १३ के.जी. | ७ के.जी. | ८ के.जी. |
| ३ | लौका | २ | २ | १.५ टन | १३ के.जी. | १३ के.जी. | ८ के.जी. |
| ४ | फर्सी | २ | २ | १.५ टन | ११ के.जी. | १३ के.जी. | ८ के.जी. |
| ५ | करेला | १.५-२ | १ | १ टन | १३ के.जी. | १० के.जी. | ८ के.जी. |
| ६ | घिरौंला | २ | २ | १ टन | १३ के.जी. | १० के.जी. | ८ के.जी. |
| ७ | जुकुनी | ०.९ | ०.९ | १.५ टन | ११ के.जी. | १३ के.जी. | ८ के.जी. |

➢ जुकेनी फर्सी (स्क्वास), काक्रो, करेला, घिरौला, लौका तथा मुन्टा खाने फर्सीको लागि सिफारिस गरे बमोजिमको दूरीमा खाल्डा खनी राम्रो पाकेको गोबर मल ५ के.जी.,हड्डीको धुलो १०० ग्राम, पीना १०० ग्राम, डिएपी ४० ग्राम,पोटास ४० ग्राम र बायोजाईम, जिङ्क, बोरेक्स प्रत्येक ३/३ ग्रामका दरले माटोमा मिसाई विरुवा लगाउनुहोस्।

➢ तरकारीको बेर्ना सारेको १५-२० र ४०-४५ दिन भएका तरकारी बालीहरुको बोट वरिपरि रिङ्ग बनाई १०-१५ ग्राम युरिया प्रति बोटको दरले टपड्रेस गर्नुहोस्।

➢ लहरे बाली (काँक्रो, फर्सी समूह) मा रातो खपटे कीराका लार्भाहरू जमीनको सतहभन्दा अलिकति मुनि बस्ने भएकाले यसको व्यवस्थापनका लागि गोडमेल गर्नुहोस्। कीराले बिहान र बेलुका नोक्सानी पुर्‍याउने भएकाले सम्भव भएसम्म टिपेर नष्ट गर्नुहोस्। नोक्सानी धेरै भएमा साँझपख साईपरमेथ्रिन (१०% ई.सी.) २ एम. एल. प्रतिलिटर पानीमा मिसाएर माटो र बोट भिज्नेगरी छर्कनुहोस् ।


चित्र: रातो खपटे कीरा

➢ नर्सरी ब्याडमा बेर्ना उमार्ने समयमा फेद काट्ने कीरा र बेर्ना कुहिने रोगको व्यवस्थापन गर्न क्लोरपाईरीफस १६% ई.सी. को ०.५ एम.एल. र कार्बेन्डाजिम (बेभिष्टिन ) ५०% डब्लु.पि. को १ ग्राम प्रति लिटर पानीमा घोली स्प्रेयरबाट नर्सरी ब्याड भिज्नेगरि छर्नुहोस् ।

- बोरोन सुक्ष्म 'खाद्यतत्वको कमीले काउली बालीमा मुख्य बढ्ने भाग कालो भएर सुक्ने वा मर्ने र पछि डाँट नै खोक्रो बन्ने भएकोले यसको व्यवस्थापनको लागी बोरेक्स १००० ग्राम प्रति रोपनीको दरले जग्गा तयारी गर्दा नै प्रयोग गर्नुहोस् ।
- प्याज तथा लसुनको जरा कुहिने रोग ब्यवस्थापनको लागि कार्बेन्डाजिमयुक्त (Bavistin 50% WP) विषादी २ ग्राम प्रति लिटर पानीका दरले १४ दिनको फरकमा ३ देखि ४ पटकसम्म सम्पूर्ण जरा भिज्नेगरि हाल्नुहोस्।



चित्रः प्याज तथा लसुनको जरा कुहिने रोगको लक्षण

- खुर्सानीको बोट ओइलाउने र जरा कुहिने रोगको व्यवस्थापनको लागि पानीको निकासको उचित प्रवन्ध मिलाउनुहोस्, रोगी बोटहरु हटाउनुहोस्। प्रकोप बढि भएमा कपरयुक्त विषादी २ ग्राम प्रति लिटर पानीमा मिसाई ७-१० दिनको फरकमा २-३ पटक जरा र वरिपरिको माटो भिज्नेगरि ड्रेन्चिङ गर्नुहोस् ।
- खुर्सानीमा गुजुमुजे भाइरस रोगका लक्षणहरु देखिएमा, सो रोग लगाउने भाइरस लाही किरा र थ्रिप्स बाट सर्ने भएकोले लाही किरा र थ्रिप्स व्यवस्थापनको लागि रोगर १ मि.लि. प्रति लिटर पानीमा मिसाएर छर्नुहोस । भने भाइरस व्यवस्थापनको लागि Vircon-H २ ग्राम प्रति लिटर पानीमा मिसाएर ५-७ दिनको फरकमा साँझपख छर्नुहोस ।
- बालीहरुमा सेतो झिंगा र लाही किरा (माहा)ले आर्थिक नोक्सानी गर्नुको साथै भाइरस रोगहरु पनि सार्ने हुँदा कीरा व्यवस्थापनको लागि निटेनपाईराम १०% एस.एल, १ एम.एल. प्रति ३ लिटर पानीमा घोलेर पातको पछाडिको भाग भिज्नेगरि स्प्रे गर्नुहोस्।



- भन्टाको डाठ तथा फलको गवारो व्यवस्थापनको लागि गवारोको कारण ओइलाएको मुन्टा, पात तथा फल टिपी करिव १ फुट गहिरो खाडलमा पुर्ने वा जलाउने गर्नुहोस । किराको बयस्क भाले आकर्षित गरी मार्नका लागि क्यु-ल्युर र बिषादी मिसिएको ल्युसिन ल्युर (leucin lure) प्रति कठ्ठा २ वटाको दरले राख्नुहोस् | रासायनिक बिषादी प्रयोग गर्नुपरेमा क्लोरान्ट्रानिलिप्रोल (१८.५% एस.सी.) ०.२ मि.लि. प्रति लिटर पानीमा मिसाई साँझपख छर्नुहोस ।

### अन्य

- उखुका सिफारिस गरिएका उन्नत जातहरू- जीतपुर-६, जीतपुर - ८, जीतपुर- ९ मध्ये उपलब्ध जातको गुणस्तरीय बीउ (तीन आँखा भएका १५०-२०० केजी प्रतिकट्ठा बीउका दरले) उपचार गरी रोप्नुहोस् । जग्गा तयारीको बेलामा ३४० केजी कम्पोस्ट वा गोबरमल ३.७४ केजी युरिया, ४.३५ केजी डी. ए. पी., २.२२ केजी म्युरेट अफ पोटास प्रतिकट्ठाका दरले माटोमा राम्ररी मिलाउनुहोस् ।
- मंसिर महिनामा लगाइएको उखुबालीमा सिंचाई पश्चात चिस्यानको अवस्था हेरी ३.६ के.जी. युरिया प्रति कठ्ठाका दरले दोस्रो टपड्रेस गर्नुहोस्।

- मौरी घारको नियमित निरीक्षण गरी आधार चाकाहरू र सुपर (तल्ला) थप्नुहोस् । घारको संख्या बढाउनु छ भने रानुको उपयुक्त व्यवस्था गरी मौरी गोला विभाजन गर्नुहोस्।
- मौरी लगायतका अन्य लाभदायी किराहरुको सक्रियता दिउँसो २ बजे पश्चात क्रमश : घट्दै जाने भएकाले बाली बिरुवामा बिषादी छर्दा सकेसम्म हावा नलागेको बेला दिउँसो २ बजे पछीको समयमा मात्र छर्कनुहोस।
- कन्ये च्याउमा बढी ओसिलो र गर्मी भएको ठाँउमा सेतो औंसा देखिने समस्या रहेको हुदाँ व्यवस्थापनको लागी च्याउक खेती गर्ने स्थानमा सरसफाई गर्ने,च्याउ टिपिसकेपछि बाँकी डाँठहरु सफा गरेर फाल्ने,झ्याल ढोका तथा भेन्टिलेसनमा जाली लागाउने,पहेलो चिप्किने पासो राख्ने , पानी सिचाई गर्दा हल्का स्प्रे गर्ने र पानी जम्न नदिने एंव राम्रो हावाको सञ्चार हुन दिनुपर्दछ।

## पशुपालन सम्बन्धि सल्लाहः

### गाइ, भैसी, बाख्रा, भेडा



- हालका दिनमा नगरपालिका क्षेत्र भित्र रहेका गौशाला र कृषकहरुको घरका गाई गोरुहरुमा पनि फाट्टफुट्ट रुपमा लम्पी स्किन रोग देखिएको र अन्य क्षेत्रमा समेत फैलन सक्ने हुँदा आवश्यक सतर्कता अपनाउनुहोस् :
  - स्वस्थ गाई र भैंसीलाई अनिवार्य खोप लगाउनुहोस् ।
  - यो रोग सामान्यतया लामखुट्टे, झिंगा, किर्ना, भुसुना आदिको टोकाइबाट सर्ने हुँदा गोठ तथा फार्म परिसरमा नियमित सरसफाई गरी लामखुट्टे, झिंगा, किर्ना, भुसुना आदि किराको संख्यालाई नियन्त्रण गर्नुहोस् ।
  - गोठ भित्र वा बाहिर ब्लिचिङ्ग पाउडर, फर्मालिन, ग्लुटरअल्डिहाइड लगायतका रसायनहरु प्रयोग गरी निःसङ्क्रमण गर्नुहोस् । फार्म/गोठको मुख्य प्रवेशद्वार तथा खोर बाहिर निःसङ्क्रमणमा प्रयोग हुने रसायन सहितको फुटबाथको व्यवस्था गर्नुहोस् ।
  - रोगको शंका लागेका पशुहरुलाई बथानबाट छुट्टाएर अलग्गै राख्नुहोस्।
  - यो रोग सङ्क्रमित पशु एक स्थानबाट अन्यत्र लैजाँदा वा सङ्क्रमित पशुसँग प्रत्यक्ष सम्पर्कमा आएका अन्य पशुमा समेत सर्ने हुँदा रोग देखा परेको क्षेत्रबाट गाई भैंसींको ओसारपसार नगर्नुहोस् ।
  - नयाँ पशु गोठमा भित्र्याउँदा बथानमा नमिसाई कम्तीमा २८ दिन अलग्गै राखी रोगको लक्षण नदेखाएमा मात्र बथानमा मिसाउनुहोस ।
- ब्याउने तथा भर्खर ब्याएका पशुबस्तुलाई नियमितभन्दा पोषिलो आहार दिनुहोस् । हिउँदमा हे, साइलेज वा कम्तीमा ४ घण्टा ओइलाइएको जै, बर्सिम वा भेच खुवाउनुहोस्। ठूला पशु (गाई, भैंसी) लाई हरेक दिन १०-१५ ग्राम नून र ५० ग्राम खनिज मिश्रण तथा साना (बाच्छाबाच्छी, पाडा-पाडी तथा भेडा, बाखा) लाई त्यसको आधा मात्रामा नून र खनिज मिश्रण दिनुहोस् । छ महिनाभन्दा माथिका पशुबस्तुलाई मात्र ४% युरिया ले उपचार गरिएको पराल खुवाउनुका साथै युरिया मोलासेस मिनरल ब्लक (UMMB) चाट्न दिनुहोस् ।

- दुधालु गाइभैसीहरुमा थुनेलो रोगका कारण दुध फाट्न थालेमा, स्वाद बढी नुनिलो हुन थालेमा वा थुनमा केही फरक भएमा सुषुप्त अवस्थाको थुनेलो हुनसक्ने हुँदा दुधको जाँच गराई थप उपचारका लागी पशु स्वास्थ्य प्राविधिकहरुसँग सम्पर्क गर्नुहोस् ।
- बधुवा रुपमा पालिएका गाइ/भैसीहरु ब्याउने छन् भने तिनीहरुमा भण्डारो (Prolapse of Uterus) हुने खतरा भएको हुँदा त्यस्ता ब्याउने पशुलाइ बस्ने ठाउँ अगाडी होचो र पछाडी अग्लो बनाउनुहोस् । आहारा एकै चोटी टन्न खान नदिइ पटक पटक दिनुहोस । बिहान बेलुका १/१ घण्टा हल्का गोठ बाट बाहिर हिडाउने साथै चराउने गर्दा उक्त समस्या कम गर्न सकिन्छ ।
- प्रजननका लागि उपयुक्त पाठी तथा माउ बाख्राहरुलाई खोरको छुट्टै कोठामा राख्ने व्यवस्था मिलाउनुहोस । अनियन्त्रित प्रजननबाट बचाउनका लागि ३ महिना उमेर पुगेका पाठा र पाठीलाई संगै मिसिन दिनुहुदैन ।



- नगरपालिकाको क्षेत्रभित्र पालिएको पशुबस्तुमा मोहोला/मुआलो रोग देखिएको हुँदा आवश्यक सतर्कता अपनाउनुहोस्। सुरुमा छालामा स-साना दाना जस्तो घाउको लक्षण (शुरुमा ओठको चेप र मुख वरिपरी र बिस्तारै अन्य स्थानमा पनि फैलिने) र पशुले खान मन नगर्ने जस्ता लक्षण देखा पर्छ। केहि अवस्थामा शरीरभरी घाउ आउने, ज्वरो बढ्ने र आन्तरिक अंगहरुमा घाउ भई पाठापाठी मर्ने पनि हुन्छ। बिषाणुबाट हुने यो रोगको संक्रमण अन्य पशुहरुलाइ फैलन नदिन रोगि पशुलाई अलग्गै राख्नुहोस्। रोगी पशुको घाउलाइ पोटासियम परम्याग्नेट (potassium permanganate) को ०.०१ % को घोल बनाएर दिनको दुइ पटक साझ विहान घाउ सफा गर्नुहोस्।
- बाख्रामा देखिने कुम्री (ढकेरी) रोगको रोकथाम गर्न भदौ देखि कात्तिकसम्म मासिक एक चक्की डाई ईथाइल कार्बामाजिन (डी.ई.सी)- १०० एम.जी. खुवाउनुहोस् र आइभरमेक्टिन ईन्जेक्सन १ मि.लि. प्रति ३० के.जी. शारीरिक तौलको अनुसार लगाउनुहोस् । ढकेरी लागेका बाख्राको हकमा दैनिक एक चक्की सात दिनसम्म खुवाउनुहोस् र साथमा भिटामिन बी कम्प्लेक्सको सुई २-३ दिनसम्म लगाउनुहोस्।
- खेतबारीमा पाइने निलो फुल्ने राउने झार वा गन्दाइने ढर्रा पशुवस्तुले खाएमा पखाला हुने, मुर्छा पर्ने र मर्ने सम्भावना हुदा त्यस किसिमका झार खेतबारीबाट हटाउनुहोस्।
- बाह्य परजीवीहरु (जुम्रा, किर्ना, उपियाँ आदि) ले बाख्राको स्वास्थ्यलाई गम्भीर असर पार्न सक्छन् । यी परजीवीहरुबाट बाख्रालाई जोगाउन डिपिङ विधि अपनाउनुहोस । साथै आईभरमेक्टिन औषधिको सुई गाई, भैसी, भेडा र बाख्राको हकमा १ एम.एल प्रति ५० किलो शारीरिक तौलको दरले लगाउनुहोस ।
- पशुहरुमा किर्नाको टोकाईबाट लहुमुते रोग- Babesiosis (प्रायः कफी रंगको वा रातो रंगको पिशाव फेर्ने; उक्त पिशाव आधा घण्टा जति सफा टेस्टट्युव/शिसाको गिलासमा नहल्लाई राख्दा सतहमा रगत नजम्ने) सर्ने भएकोले किर्नाबाट पशुहरुलाई जोगाउन बुटक्स १ एम.एल. प्रति लिटर पानीमा मिसाई किर्ना भएको ठाउँमा हप्तामा २ पटकको दरले ४ हप्तासम्म स्प्रे गर्नुहोस ।
- दुधालु गाईभैंसीलाई थुनेलोको समस्याबाट जोगाउन, गोठ सुख्खा र सफा राख्नुहोस् । साथै, हरेक पटक दुध दोहीसकेपछी ग्लिसिरन र पोभिडिन आयोडिनको १:९ को अनुपातमा बनाईएको झोलमा कम्तिमा १ मिनेट सम्म थुन

डुबाउने गर्नुहोस । यसरी बनाईएको झोललाइ सफा बट्टामा बिर्को बन्द गरी राखेमा पटक-पटक प्रयोग गर्न सकिन्छ ।

### कुखुरा, हाँस, बंगुर

- गाउँघरमा खुला रूपमा छाडेर पालिएका कुखुराहरूलाई आन्तरिक परजिवी विरुद्ध फेन्बेन्डाजोल, १ एमजी प्रति केजी शारीरिक तौलअनुसार दिनको एकपटक ५ दिनसम्म खुवाउनुहोस्। त्यसपछि रानीखेत रोग विरुद्ध खोप नलगाएको भए वा अन्तिमपटक खोप लगाएको १०-१२ हप्ताभन्दा बढी भएको भए Thermostable ND I-2 खोप प्रयोग गर्नुहोस् ।
- हाल कुखुरामा बर्डफ्लु (Avian Influenza ) र सुँगुर / बंगुरहरूमा अफ्रिकन स्वाइन फिभरको जोखिम रहेकाले फार्महरूमा जैविक सुरक्षाका विधिहरू अपनाउनुहोस्। यी रोगका लक्षण देखिएमा नजिकैको पशु सेवा शाखा, बारबर्दिया नगरपालिका वा एकीकृत कृषि तथा पशुपन्छी बिकास कार्यालय, बर्दियामा सम्पर्क राख्नुहोस्।

### घाँसेबाली

- सुख्खायाममा खरबारी, डालेघाँस लगाएको नर्सरी, बेर्ना सारेको बारी तथा गोठ / फार्म संरचनाहरू वरपर आगो लाग्नबाट जोगाउन २-३ मिटर चौडाइमा घाँसपात, पात पतिंगर हटाई अग्नि नियन्त्रण रेखा (Fire line) बनाउनुहोस्।
- नेपियर जस्ता वहुवर्षीय घाँसहरूमा सिँचाई गर्नुहोस्। त्यसपछि प्रतिकठ्ठा १.२ केजीका दरले युरियाको टपड्रेस गर्नुहोस्।
- किम्बु, बैंस जस्ता डाले घाँसहरूको कटिङ नर्सरीमा राख्नुहोस्।
- बीउका लागि लगाइएका टियोसेन्टी (मकैचरी) को दुई तिहाइ जति घोगा पाकेपछि टिप्नुहोस्।

### अन्य

- सम्पूर्ण पशुपन्छीहरुलाई आन्तरिक तथा बाह्य परजीवी बिरुद्धको औषधी नियमित रुपमा खुवाउनुहोस्।
- गाईभैसीले भाले खोजेको १२ देखि १८ घण्टाभित्र र बाख्रामा १२ देखि ३६ घण्टाभित्र प्रजनन गराउनुहोस्।
- नर्सरीमा किम्बु, बैंस जस्ता डाले घाँसहरुको कटिङ गर्नुहोस्।
- पशुपालनमा संलग्न कृषकहरुले पशुपालनको जोखिम कम गर्न समयमा नै पशुबस्तुहरुको बिमा गर्नुहोस ।
- घरपालुवा कुकुरहरुलाई बर्षमा एक पटक नियमित रुपमा रेबिज बिरुद्धको खोप लगाउनुहोस्। रेबिज बिरुद्धको खोप लगाउनुभन्दा १ हप्ता अगाडी कुकुर/बिरालोलाई आन्तरिक परजीवी बिरुद्धको औषधी खुवाउनुहोस्।
- जै,नेपियर जस्ता पात भएका घाँसहरु खुवाउँदा कम्तीमा ४ घण्टा ओइलाएर मात्र खुवाउनुहोस्।
- व्यवसायिक रुपमा उखु खेती गरिने तराई क्षेत्रका ठाँउहरुमा खेर गएको उखुको टुप्पोबाट साइलेज बनाई पशुवस्तुलाई आहाराको रुपमा प्रयोग गर्नुहोस्।

## अन्य सल्लाह :

- चालु आ.व.२०८२/८३ को संघीय सशर्त कार्यक्रम अनुसार कृषि,पशुपन्छी तथा मत्स्य तथ्याङ्क अद्यावधिक कार्यक्रम सञ्चालनका लागी बारबर्दिया नगरपालिकाबाट तथ्याङ्क लिने कार्य शुरू भएकोले फिल्डमा खटिने गणक कर्मचारीहरुलाई आवश्यक समन्वय तथा सहयोग गरिदिनुहोला।
- कृषि सम्बन्धि जिज्ञासाको लागि बारबर्दिया नगरपालिकाको कृषि विकास शाखा, जयनगर तथा वडा कृषि प्राविधिकहरु सँग सम्पर्क गर्नुहोस।
- पशुसेवा सम्बन्धि जिज्ञासाको लागि बारबर्दिया नगरपालिकाको पशु सेवा शाखा, जयनगर तथा वडा नम्बर ३ रामपुर पशुसेवा केन्द्रका प्राविधिकहरु सम्पर्क गर्नुहोस।
- मौसम सम्बन्धि जिज्ञासाको लागि पैसा नलाग्ने चौबिसै घण्टा उपलब्ध जल तथा मौसम बिज्ञान बिभागको फोन नम्बर-११५५ मा फोन गरेर जानकारी लिन सकिन्छ।
- कृषि र पशु सम्बन्धि जिज्ञासाको लागी पैसा नलाग्ने नार्कको फोन नम्बर-११३५ मा हरेक शुक्रबार साँझ ४ देखि ६ बजेसम्म फोन गरेर जानकारी लिन सकिन्छ ।
- बारबर्दिया नगरपालिका सँग सम्बन्धित कृषि र पशुपालन सम्बन्धि सूचना तथा सल्लाहको लागी क्यु आर कोड स्क्यान गरी फेसबुक पेज र ह्वाट्सयाप ग्रुपमा जोडिन सक्नुहुनेछ।

## सन्दर्भ सामाग्रीः


१. नेपाल कृषि अनुसन्धान परिषद्, राष्ट्रिय कृषि वातावरण अनुसन्धान केन्द्रद्वारा जल तथा मौसम बिज्ञान बिभाग संगको सहकार्यमा जारी कृषि-मौसम सल्लाह बुलेटिन । https://narc.gov.np/agromet-bulletin/

२. कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय, गण्डकी प्रदेशद्वारा नेपाल कृषि अनुसन्धान परिषद्, जल तथा मौसम विज्ञान विभाग र ली - बर्डसँगको प्राविधिक सहकार्यमा जारी गण्डकी कृषि-मौसम सल्लाह बुलेटिन ।

३. साप्ताहिक मौसम पूर्वानुमान २०८२ फागुन २२ गते शुक्रबार देखि फागुन २८ गते बिहीबार सम्म, मौसम पूर्वानुमान महाशाखा, जल तथा मौसम बिज्ञान बिभाग, त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थल (TIA), गौचर, काठमाडौं । https://dhm.gov.np/mfd/#/weather/pages/weekly-weather-outlook

४. बारबर्दिया नगरपालिकाको माटोको अवस्था र मलको सिफारिस मात्रा (माटोको डिजिटल नक्सामा आधारित) ।

५. कृषि तथा पशुपन्छी डायरी २०८२ ।